# विदेशी मुद्राको सटहीका लागि ट्राभलर्स चेकको सट्टामा प्रिपेड/डेविट/क्रेडिट कार्ड प्रयोग गर्ने सम्वन्धी नेपाल राष्ट्र बैंकको सूचना

ट्राभलर्स चेकको कारोवार गर्ने सेवा प्रदायकहरुवाट वजारमा यस्तो कारोवार क्रमशः वन्द गर्दै लगिरहेको तथा उक्त सेवा प्रदान गर्ने संस्थाले सो सेवा दिन नसक्ने जानकारी गराएको हुँदा अवउप्रान्त सेवाग्राहीले वजारमा उपलब्ध वित्तीय उपकरणको प्रयोग वढाउनुपर्ने भएकोले विदेश भ्रमणमा जाने व्यक्ति तथा सरकारी कामको लागि विदेश भ्रमणमा जाने नेपाल सरकार वा सार्वजनिक संघ/संस्थाका कर्मचारीहरुलाई यस बैंकवाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुवाट विदेशी मुद्राको सटहीका लागि ट्राभलर्स चेकको सट्टा प्रिपेड/डेविट/क्रेडिट कार्ड मार्फत सटही सुविधा दिने व्यवस्था गरिएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

यस प्रयोजनको लागि कार्ड जारी गर्दा राहदानी, हवाई टिकट र भिसा समेतलाई आधार मानि राहदानीको फोटोकपी लिई तत्काल प्रिपेड कार्ड जारी गर्ने व्यवस्था गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

त्यस्तै, यस अघि नेपालका विभिन्न बैंक तथा वित्तीय संस्थाहरुवाट सटही गरेका र आफ्नो स्वामित्वमा राखी राखेका अमेरिकन एक्सप्रेस लगायत अन्य संस्थाहरुवाट जारी भएका ट्राभलर्स चेकहरु कसैसँग भए यस बैंकवाट इजाजतपत्रप्राप्त संस्थामा ४५ दिन भित्र बुझाई नेपाली रुपैयाँमा सटही लिइसक्नु पर्ने वा प्रचलित व्यवस्था वमोजिम आफ्नो खातामा जम्मा गरीसक्नु पर्ने व्यहोरा समेत सर्वसाधारणको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाण्डौं ।**

**मितिः** २०७०/६/३